# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) सुर्खेत, जेठ २१ गते, २०७८ साल (अतिरिक्ताङ्क ९


## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको अध्यादेशनं. ०१

## कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "कर्णाली प्रदेश आर्थिक कार्यविधि (दोस्रो संशोधन) अध्यादेश, २०७८" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा संशोधनः** कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को,-

(१) उपदफा (१) मा रहेका "प्रदेश सभामा पेश गर्नु भन्दा जेष्ठ महिनाको पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "प्रदेश सभामा पेश गर्नु भन्दा सात दिन अगावै" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "पन्ध्र दिनभित्र" भन्ने शब्दहरुको सट्टा "तीन दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

प्रमाणीकरण मितिः२०७८/०२/२१

**आज्ञाले,**
वीरेन्द्र बहादुर के.सी.
प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला, कानून तथा मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय